नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइको

# तेस्रो राष्ट्रिय कार्यशाला गोष्ठीको प्रेस विज्ञप्ती

२८ – ३० जेठ, २०८०, ठाकुरद्वारा, बर्दिया

संगठित रुपमा हुने वन्यजन्तु र वनस्पतिको चोरी निकासी तथा अवैध व्यापारलाई नियन्त्रण गर्ने कार्य पछिल्लो समयमा चुनौतीपूर्ण हुँदै गएको अवस्थालाई मनन गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६७/८/५ को निर्णयबाट कानून कार्यान्वयन गर्ने निकायहरु वीच केन्द्र देखि फिल्डसम्म संयुक्तरुपमा काम गरी अपराध नियन्त्रण गर्नुपर्ने आवश्यकतालाई महशुस गरी राष्ट्रियस्तर, केन्द्रस्तर र जिल्लास्तरमा वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सांगठनिक संरचनाको व्यवस्था गरेको थियो ।

राज्यको पुर्नसंरचनासँगै राष्ट्रिय वनको व्यवस्थापन प्रदेश सरकार अन्तर्गत भएको सन्दर्भमा प्रदेशस्तरमा वन्यजन्तु अपराध नियन्त्रण एकाइको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/१/२१ को निर्णयले **"वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०"** स्वीकृत भएको छ । यस आदेशले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६७/८/५ को निर्णयलाई परिमार्जन सहित प्रदेशस्तरमा वन क्षेत्र हेर्ने प्रदेश सचिवज्यूको संयोजकत्वमा **प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइ**को व्यवस्था गरेको छ । वन्यजन्तु अपराध नियन्त्रण कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न जिल्ला, प्रदेश, केन्द्र र संघीय मन्त्रालयस्तरमा चार तहको संरचनाको प्रावधान उक्त आदेशमा समावेश भएको छ ।

जिल्लास्तरमा गठन भएका वन्यजन्तु अपराध नियन्त्रण एकाइबाट सम्पादन भएका कार्यहरुको समिक्षा, प्रभावकारिता, सफल सिकाई, चुनौती तथा आगामी कार्यदिशा लगायतका विषयमा छलफल, अन्तरक्रिया गरी साझा बुझाई र अवधारणाबाट जिल्लास्तरमा हुने अपराध नियन्त्रणका कार्यहरुलाई सशक्तरुपमा कानून कार्यान्वयन गर्ने निकायहरु बीचको आपसी सहकार्य र समन्वयलाई थप मजबुद गर्न यस प्रकारको राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना हुँदै आएको छ । पहिलो राष्ट्रिय कार्यशाला गोष्ठी २८ – २९ जेठ, २०७६, काठमाडौंमा र दोस्रो ७ – ९ श्रावण, २०७७ कोभिडको कारणले अनलाइन मार्फत सम्पन्न भएको थियो ।

यस गोष्ठीमा वन र वन्यजन्तु अपराध नियन्त्रणको लागि जिल्लास्तरमा गठन भएका ३६ जिल्लाका ३४ वटा जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण एकाइका संयोजक (निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्रका प्रमुख संरक्षण अधिकृत र डिभिजनल वन अधिकृत) हरु, महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका जिल्ला न्यायाधिवक्ता, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो, संरक्षण साझेदार संघ संस्था लगायत १०० जना भन्दा बढिको सहभागितामा यस गोष्ठी सञ्चालन भइरहेको छ । गोष्ठीको उद्घाटन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री एवं कार्यक्रमका प्रमुख अतिथी डा. विरेन्द्र प्रसाद महतोज्यूबाट भएको थियो । उद्घाटन कार्यक्रममा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयका सचिव डा. रेवती रमण पौडेल, ठाकुरबाबा नगरपालिकाका प्रमुख श्री तिलकराम लम्साल, वन तथा भू-संरक्षण विभागका महानिर्देशक श्री देवेश मणी त्रिपाठी, लुम्बिनी प्रदेश, वन तथा वातावरण मन्त्रालयका सचिव श्री उद्धव बहादुर घिमिरे, बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद रिसाल, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य-सचिव श्री शरद चन्द्र अधिकारी र International Narcotics and Law Enforcement, United States Department of State का Mr. JARRAD SCOTT ले गोष्ठीको सफलताको लागि शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

यस गोष्ठीमा वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०, अपराध नियन्त्रण रणनीतिक योजना, प्रविधी, क्षमता विकास, कानूनी पक्ष, सम्पत्ति शुद्धीकरण तथा कसूरजन्य सम्पत्तिको व्यवस्थापन, समुदायको भूमिका, विश्वव्यापीरुपमा हुने अपराधको अवस्था लगायतका विषयवस्तुमा विषयविज्ञबाट छलफल तथा अन्तरक्रिया र जिल्लास्तरमा भएका कार्यहरुको सहभागीहरुबाट समूहगतरुपमा समिक्षा सहित कानून कार्यान्वयनमा आगामी दिनमा गर्नुपर्ने कामहरुको बारेमा छलफल गरी निष्कर्षसहितको गोष्ठीको प्रतिवेदन प्रकाशन गरिनेछ । गोष्ठीबाट प्राप्त भएका सुझाव तथा निष्कर्षलाई आगामी दिनमा नीतिगत तथा कार्यान्वयनको क्षेत्रमा प्रभावकारी गराउनको लागि मार्गदर्शन हुने अपेक्षा गरिएको छ ।

संगठित रुपमा हुने गरेका चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणको लागि राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने निकायहरु, सुरक्षा निकाय, तीन तहका सरकार, स्थानीय समुदाय, संचार माध्यम, नागरिक समाज तथा जैविक विविधता संरक्षणमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका संघ संस्थाहरु सबैको संयुक्त प्रयासको अत्यन्त महत्वपूर्ण भूमिका रहने र सामुहिक प्रयास हुँदा सफलता प्राप्त हुने पुष्टि भएको छ ।

अन्तमा, नेपालको जैविक विविधता संरक्षणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी भई योगदान पुऱ्याउन राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक अपिल गरिन्छ ।

...............................................

(अजय कार्की)

उपमहानिर्देशक एवं प्रवक्ता, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

तथा

सदस्य-सचिव, केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइ

मितिः २०८०/२/२८ गते आइतबार